मिति -२०७४/०६/२७

# आर्थिक सहायता कार्यविधि, २०७४

प्रस्तावना:- परोहा नगरपालिकाबाट प्रदान गरिने आर्थिक सहायतालाई छिटो,छरितो,मितव्ययी, पारदर्शी एवं प्रभावकारी रुपमा प्रवाह गर्न र सहायता प्राप्त गर्नेहरुलाई अनुशासित,जवाफदेही, उत्तरदायी बनाई परिणाम हासिल गर्न तथा परोहा नगरपालिकाको कोषको सही सदुपयोग तथा परिचालन गर्न र गराउन, सामाजिक सुरक्षा र संरक्षण प्राप्त गर्ने नागरिकहरुको मौलिक हकको प्रत्याभूत गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी परोहा नगरपालिकाले यो कार्यविधि बनाई लागु जारी गरेको छ।

## परिच्छेद – १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "परोहा नगरपालिकाको आर्थिक सहायता कार्यविधि, २०७४" रहेको छ।

(२) यो कार्यविधि न.पा.बाट स्वीकृत भएको मिति देखी लागु हुनेछ ।

२. परिभाषा:- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(ख) "स्थानीय तह" भन्नाले परोहा नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) "सभा" भन्नाले पराहा नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले परोहा नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ङ) "प्रमुख" भन्नाले सभाको अध्यक्षलाई सम्झनु पर्छ ।

(च) "उपप्रमुख" भन्नाले नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ ।

(छ) "विधेयक" भन्नाले स्थानीय कानूनको मसौदा वा कानूनको संशोधन मसौदा समेत सम्झनु पर्छ।

(ज) "सदस्य" भन्नाले नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख, कार्यपालिकाको सदस्य वा वडा सदस्य तथा विषयगत समितिका सदस्य सम्झनु पर्छ ।

परोहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय परोहा, रौतहट प्रदेश नं. २ नेपाल



CamScanner

(झ) "सभा वा कार्यपालिकाको सचिव" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय कार्यकारी अधिकृत वा अध्यक्षले सचिव भई काम गर्न तोकेको कर्मचारी समेतलाई सम्झनु पर्छ ।

(ञ) "बैठक" भन्नाले नगर सभाको अधिवेशन सम्झनु पर्छ । सो शब्दले कार्यपालिका र विभिन्न समितिहरुको बैठक समेतलाई सम्झनु पर्दछ ।

(ट) "प्रस्ताव" भन्नाले समित, कार्यपालिका वा सभाको विचारार्थ पेश गरिएको कुनै प्रस्ताव वा सो प्रस्तावसँग सम्बन्धित संशोधन प्रस्ताव समेत सम्झनु पर्छ

(ठ) "प्रस्तावकर्ता सदस्य" भन्नाले समिति, कार्यपालिका वा सभाको प्रस्ताव प्रस्तावकर्ता सदस्य सम्झनु पर्छ ।

(ड) "बैठक कक्ष" भन्नाले समित, कार्यपालिका र सभाको बैठक कक्ष सम्झनु पर्छ र सो शब्दले बैठक कक्षसँग जोडिएको दर्शकदीर्घा तथा बरण्डा समेतलाई जनाउँछ ।

(ढ) "विषयगत शाखा" भन्नाले नगरपालिकाको कार्य विभाजन नियमावली बमोजिमको विषयगत शाखा संझनु पर्छ ।

(ण) "समिति" भन्नाले यस न.पा.अन्तर्गतका सम्पूर्ण विषयगत तथा कार्यविधि बमोजिम गठन हुने समिति सम्झनु पर्छ ।

(त) "संयोजक" भन्नाले यस न.पा.अन्तर्गतका सम्पूर्ण विषयगत तथा कार्यविधि बमोजिम गठित समितिको संयोजक सम्झनु पर्छ ।

(थ) "आर्थिक सहायता" भन्नाले कुनै पनि किसिमको दैवी वा मानवीय कारणबाट जीउज्यान, धनजन, चौपाया, चल अचल र अन्य सम्पति क्षति,अनाथ, द्वन्द्व पिडित, सिकिस्त बिरामी, अशक्त अपाङ्ग,परिवारबाट विस्थापित सहाराविहिन बालबालिका तथा बृद्ध,बृद्धा, असहाय विधवा र विपदमा परी घरबार विहिन व्यक्तीहरु, अति विपन्न र असहाय विधवाको छोरीको विहेमा दिने सहायता, एवं जोखिममा रहेका बालबालिका आदीलाई नगरपालिकाबाट प्रदान गरिने आर्थिक सहयोग भन्ने सम्झनु पर्दछ।

(द) "दैवी विपति" भन्नाले भुकम्प,बाढी पहिरो,चटयाङ्ग, हुरी, बतास, असिना, शितलहर, तातो हावाको लहर जस्ता प्रकोप भन्ने बुझाउँछ।

(ध) "दीर्घ रोग" **भन्नाले क्यान्सर,मुटुरोग,मृगौला सम्बन्धि रोग, एच.आई.भि. एड्स, पक्षघात आदी जस्ता रोगलाई सम्झनु पर्दछ।**



CamScanner

(न) "मानवीय विपति" भन्नाले मानिसका कारणबाट भएको आगलागी,माहामरी, हुलदंगा,जल,औधोगिक दुर्घटना, विषाक्त खाध सेवन,विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट जस्ता विपति भन्ने सम्झनु पर्दछ।

## परिच्छेद -२

## आर्थिक सहायता प्रदान गर्न सकिने क्षेत्र, आधार वा तरिका र रकम

३.आर्थिक सहायता प्रदान गर्न सकिने क्षेत्र: (१) दैवी वा मानवीय कारणबाट जीउज्यान, धनजन, चौपाया, चल अचल र अन्य सम्पति क्षति, सिकिस्त विरामी, अनाथ, अशक्त अपाङ्ग,परिवारबाट विस्थापित सहाराविहिन बालबालिका तथा बृद्ध,बृद्धा,असहाय विधवा,विपन्न र विपदमा परी घरबार विहिन व्यक्तीहरु भुकम्प,वाढी पहिरो,चट्याङ्ग, करेन्ट, हुरी, बतास, असिना, शितलहर, तातो हावाको लहर आगलागी,माहामरी, हुलदंगा,जल,औधोगिक दुर्घटना वा अन्य किसिमका दुर्घटना, विषाक्त खाध सेवन,विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, **क्यान्सर,मुटुरोग,मृगौला सम्बन्धि रोग, एच.आई.भि.एड्स,पक्षघात** अति विपन्न र असहाय विधवाको छोरीको विहे एबं जोखिममा रहेका बालबालिका **आदी**

(२) आर्थिक सहायता प्रदान गर्न सकिने अधार वा तरिका र रकमः

क) सम्बन्धित व्यक्ति वा निजको अभिभावक वा निजको संरक्षकको निवेदन र नेपाली नागरिकताको प्रतिलिपि।

ख) अपाङ्गको हकमा सम्बन्धित निकायबाट जारी अपाङ्ग परिचयपत्र र निजको **वा** संरक्षकको निवेदन र नेपाली नागरिकताको प्रतिलिपि।

ग) प्राकृतिक विपत्ति वा विपदमा परेको हकमा प्रहरी सर्जमिन मुचुल्का र वडा कार्यालयको सिफारिस तथा निवेदकको निवेदन र नेपाली नागरिकताको प्रतिलिपि।

घ) प्रकृति अनुसारको प्रमाण सहित वडा कार्यालयको सिफारिस पत्र।

ङ) सम्भव भए सम्म तस्वीर ( फोटो)

च) विरामीको हकमा निवेदन साथ सम्बन्धित अस्पताल, नर्सिङ्ग होम वा स्वास्थ्य क्लिनिक वा जाँच गर्ने डाक्टरले जाँच गरेको प्रमाणको प्रतिलिपि।विरामी दर्ता पुर्जा।सम्बन्धित डाक्टरले उपचारका लागी लेखीदिएको औषधिहरुको विवरण र सो खरिदका लागी अनुमानित लाग्ने खर्चको विवरण सहित वडा कार्यालयको सिफारिस।

मिति -२०७४/०९/२७

तर माथी जुन सुकै कुरा लेखिएको भए तापनि कडा रोग लागी उपचार वा अपरेशन गर्नु पर्ने, कुनै अंग फेर्नु पर्ने वा उपचार गर्न जानका लागी तत्काल सहयोग आवश्यक पर्ने देखिएको खण्डमा वा असहाय विधवा, सिकिस्त विरमी वा आगलागी, बाढी, पहिरो, हुरी बतास, भुकम्प वा कुनै दुर्घटनामा परी तत्काल सहयोग उपलब्ध गराउनु पर्ने अवस्था देखिएको खण्डमा नगर प्रमुख वा नगर प्रमुख अनुपस्थित रहेको खण्डमा नगर उपप्रमुखले अवस्था हेरी तत्काल वढीमा रु.२५०००/- नगद सहयोग र खदान्न समाग्री तथा लत्ताकपडा वा अन्य जिन्सी समाग्री थप सहयोग दिन सक्ने छ।

**छ) रु.२५०००/- भन्दा बढी सहयोग दिनु पर्ने अवस्था देखिएको खण्डमा नगर कार्यपालिकाले निर्णय गरे बमोजिमको रकम दिन सकिने छ।**

**ज) न.पा.द्वारा संचालित योजना / कार्यक्रम मा खटिई दुर्घटनामा परी घाईते भएको खण्डमा उपचारको अवस्था, समय र औषधि र अन्य लागत खर्चको अधारमा बढीमा रु.२०००००/- सम्मको उपचार खर्च वा दुर्घटनामा परी मृत्यु भएको खण्डमा रु.२०००००/- देखी रु.५०००००/- सम्म कार्यपालिकाले निर्णय गरेमा नगद दिन सकिने छ। साथै सम्बन्धित मृतकको आश्रित परिवारलाई नगर सभाले निर्णय गरेमा विशेष व्यवस्था मिलाउन बाधा पर्ने छैन।**

झ) अति विपन्न र असहाय विधवाको छोरीको विहेका लागी **रु.२५०००/- भन्दा बढी सहयोग दिनु पर्ने अवस्था देखिएको खण्डमा नगर कार्यपालिकाले निर्णय गरे बमोजिमको रकम वा समाग्री दिन बाधा पर्ने छैन।**

ञ) माथि उल्लेखित विषयमा नपरेका वा छुट भएका जुनसुकै विषयहरु आएमा नगर प्रमूखलाई मनासिव लागेमा नगर प्रमुखको आदेशबाट बढीमा रु.५०००/- (पाँच हजार) सम्म भुक्तानी दिन सकिने छ।

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सौंकाहा, रौतहट
प्रदेश नं. २ नेपाल



CamScanner

## परिच्छेद-३

## आर्थिक सहयोग को भुक्तानी र समयावधि

४. आर्थिक सहयोगको भुक्तानीः (१) (क) परिच्छेद २ को दफा ३ को च,छ,ज र झ बमोजिम आर्थिक सहयोग उपलब्ध गराउनु परेमा नगर प्रमुखको तजबिजमा तोक आदेश भएमा प्रमुख प्रशासकीय अधिकृत वा नगर प्रमुखले नगर सभाबाट विनियोजित मिल्दो शीर्षकको बजेटबाट निवेदक वा पिडित परिवारलाई निर्णयानुसारको आर्थिक सहयोग उपलब्ध गराउने व्यवस्था गर्नेछ।

(ख) यस्तो सहयोग दुर्घटना, भुकम्प, बाढी, पहिरो, चटयाङ्ग, करेन्ट, सिकिस्त विरामी, सहाराविहिन बृद्व,बृद्वा क्यान्सर, मुटुरोग, मृगौला सम्बन्धि रोग, एच.आई.भि.एड्स,पक्षघात आदी बाहेकको हकमा पनि एक व्यक्तीलाई एक आर्थिक बर्षमा एकपटक भन्दा बढी आर्थिक सहयोग उपलब्ध गराउन बाधा पर्ने छैन।

(२) समयावधि – दुर्घटना वा विपदले जनधनको क्षतिको साथै जीवन यापन र वातावरणमा पारेको प्रतिकुल असर/प्रभावहरुलाई कम गर्न र दैनिक जीवन यापनमा केही हद सम्म सहजता ल्याउन तत्काल आर्थिक सहयोग गर्ने अवस्था बाहेक नियमानुसार राहत रकम निवेदन प्राप्त भएको मितिले विशेष परिस्थिति वाहेक १५ दिन भित्र सम्बन्धित पिडित / निवेदकलाई उपलब्ध गराइने छ।

## परिच्छेद -४

## विविध

५.(१) बाझिएमा - यो कार्यविधिमा उल्लेख भएका कुनै दफा वा प्रावधान वा प्रकृयाहरु संघीय, प्रदेश वा स्थानीय सरकार संचालन ऐन,२०७४ र अन्य प्रचलित कानून संग बाझिएमा बाझिएको हद सम्म अमान्य हुने छ।

५(२) यसै कार्यविधि बमोजिम भए गरेको मानिने - यस अधि यस परोहा नगरपालिकाबाट भएका वा दिईएका आर्थिक सहयोग वा सहायता यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

परोहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लौकाहा, रौतहट प्रदेश नं. २ नेपाल